**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले हिज गुजरातको जनजातीय बहुल नर्मदा ज़िलाको डेडियापाड़ामा नौ हजार सात सय करोड़ रुपियाँ भन्दा अधिक लागतको विकास परियोजनाहरुको उद्घाटन अनि शिलान्यास गर्नुभयो।
- भारतीय वायु सेनाले आजदेखि फ्रांसमा द्विपक्षीय वायु सेना अभ्यास- गरूड़ 25को आठ औ संस्करणमा भाग लिनेछ।
- केरलाको प्रसिद्ध सबरीमाला अयप्पा मन्दिर आज पवित्र मण्डला मकरविलाक्कु तीर्थयात्राको लागि पुन: खोलिनेछ।
- अमरीकाको राष्ट्रपति डॉनल्ड ट्रम्पले खाद्य आयात शुल्कमा कटौती गर्नुभएको छ।
- कोलकाताको ईडन गार्डन्समा भारत अनि दक्षिण अफ्रिका बीच चलिरहेको पहिलो क्रिकेट टेस्ट मैचको तेस्रो दिनको खेल आज खेलिनेछ।

**प्रधानमंत्री - गुजरात दौरा**

प्रधानमंत्री नरेन्द्र मोदीले हिज गुजरातको जनजातीय बहुल नर्मदा ज़िलाको डेडियापाड़ामा नौ हजार सात सय करोड़ रुपियाँ भन्दा अधिक लागतको विकास परियोजनाहरुको उद्घाटन अनि शिलान्यास गर्नुभयो। यी परियोजनाहरु बुनियादी ढाँचा, स्वास्थ्य, शिक्षा अनि विरासतमाथि केंद्रित रहेको छ। यसमा जनजातिहरुको सशक्तिकरणमाथि विशेष जोड़ दिइएको छ। यी परियोजनाहरु जनजातीय गौरव दिवसको अवसरमा, महान जनजातीय नेता अनि स्वतंत्रता सेनानी भगवान बिरसा मुंडा को 1 सय 50 औ जयंतीको उपलक्ष्य मा शुरू गरिएको हो। प्रधानमंत्री मोदीले जनजातीय महापुरुष बिरसा मुंडाको जयंती को अवसर मा आयोजित सभालाई संबोधन गर्नुहुँदै जनजातीय गौरव हज़ारौं वर्षदेखि भारतको चेतनाको अभिन्न अंग रहेको बताउनुभयो।

**बाइट**

उहाँले हिज श्री गोविंद गुरु पीठ जनजातीय भाषा संवर्धन केंद्र को स्थापना गरिएको पनि बताउनुभयो जहाँ सबै जनजातिहरुका बोलीहरुमाथि अध्ययन गरिनेछ।

**प्रधानमंत्री सूरत-बिहार समुदाय**

सुरतमा एउटा अन्य कार्यक्रममा प्रधानमंत्री नरेंद्र मोदीले बिहार विधानसभा चुनावमा एनडीएलाई ऐतिहासिक जीत दर्ता गर्नमा सहायता गरेकोमा बिहारको जनताको आभार व्यक्त गर्नुभएको छ। गुजरातको सूरतमा बस्ने बिहारी समुदायलाई संबोधन गर्नुहुँदै, उहाँले बिहारका मतदाताहरुको प्रशंसा गर्नुभयो। श्री मोदीले अब बिहार, विकासको नयाँ ऊंचाइ छुनको लागि तत्पर रहेको बताउनुभएको छ।

**रक्षा गरूड़ अभ्यास**

भारतीय वायु सेना आजदेखि फ्रांसमा द्विपक्षीय वायु सेना अभ्यास- गरूड़ 25को आठ औ संस्करणमा भाग लिनेछ। वायुसेना 27 नवंबरसम्म फ्रांसको वायु र अंतरिक्ष बलसंग अभ्यास गर्नेछ। रक्षा मंत्रालयले भनेकोछ यस अभ्यासको उद्देश्य वास्तविक संचालन वातावरणमा सामरिक नीति र प्रक्रियामा सुधार लयाउनु हो। मंत्रालयले भनेको छ यसले पेशावर बातचीत, संचालन ज्ञानको आदान-प्रदान र दुवै वायु सेनाहरु बीच श्रेष्ठ कार्य साझा गर्ने अवसर पनि मिल्नेछ। अभ्यासको दौरान, भारतीय वायुसेनाको S U-

30 एमकेआई विमानले फ्रान्सेली बहुउद्देशीय लडाकू विमानहरूसँग अभ्यास गर्नेछ, जसमा एयर-टु-एयर स्ट्राइक, एयर डिफेन्स र संयुक्त आक्रामक अभियानहरूमा विशेष ध्यान दिइनेछ।

**सबरीमाला**

केरलाको प्रसिद्ध सबरीमाला अयप्पा मन्दिर आज पवित्र मण्डला मकरविलाक्कु तीर्थयात्राको लागि पुन: खोलिनेछ। लाखौं भक्तहरूले पहाडको चुचुरोमा रहेको तीर्थस्थलको भ्रमण गर्ने र आध्यात्मिक ज्ञान प्राप्त गर्ने अपेक्षा गरिएको छ। मन्दिर खोल्ने अन्तिम तयारी भइरहेको छ।

**सीडीएस आईएमएचएफ दिल्ली**

प्रमुख रक्षा अध्यक्ष जनरल अनिल चौहानले भन्नुभयो कुनै राष्ट्रको सुरक्षा कूटनीति, अर्थव्यवस्था र तकनीकमा निर्भर गर्दछ । उनले भारतको नयाँ राष्ट्रिय सुरक्षा संरचनाको बारेमा एक विस्तृत दृष्टिकोण प्रस्तुत गरे र सेनाहरू बीच तयारी र संयुक्तताको आवश्यकतामा जोड दिए। आज दिल्लीमा इन्डियन मिलिटरी हेरिटेज फेस्टिभलमा एक जनसभालाई सम्बोधन गर्दै सीडीएस चौहानले राष्ट्रिय सुरक्षाका लागि तीन मुख्य कुरामा जोड दिए। उनले अभियानको संरक्षण, र आधारभूत रूपमा दिगो बनाउन आवश्यक सैन्य तयारी आवश्यक रहेको बताए । जनरल चौहानले सैन्य तयारीले भविष्यमा कसरी युद्ध लड्ने भन्ने देखाउँछ र त्यही आधारमा सेनाले पनि युद्ध गर्ने यो सुसज्जित, र त्यसपछि प्रशिक्षित हुनुपर्छ।

**सिक्किम-दोकलाम**

सीमावर्ती पर्यटन विस्तार गर्ने दिशामा एक प्रमुख कदममा, सिक्किम सरकारले यस वर्षको डिसेम्बर १५ सम्ममा रणनीतिक रूपमा संवेदनशील डोकलाम र चो ला स्थलहरू पर्यटकहरूका लागि खोल्ने घोषणा गरेको छ। यो निर्णयले पहिलो पटक नागरिकहरूलाई यी उच्च-सुरक्षा सीमा क्षेत्रहरूमा पहुँच अनुमति दिने संकेत गर्दछ। यी स्थलहरू सुरुमा सेप्टेम्बर २७ मा उद्घाटन हुने तालिका थियो, तर प्रशासनिक र बन्दोबस्तका कारण योजना ढिलाइ भएको थियो। पत्रकारहरूसँग कुरा गर्दै, सिक्किमका पर्यटनका लागि अतिरिक्त मुख्य सचिव सी.एस. रावले पुष्टि गरे कि तयारीहरू अब अन्तिम चरणमा छन्।

**तेलंगाना-पूर्वोत्तर संपर्क**

तेलंगानाले, पूर्वोत्तर क्षेत्र बीच गहिरो सांस्कृतिक, सामाजिक अनि विकासपरक संबंध स्थापित गर्नकालागि एउटा तकनीकी-सांस्कृतिक महोत्सवको आयोजन गर्न गइरहेको छ। तेलंगाना-पूर्वोत्तर क्षेत्र कनेक्ट समारोह यस महिनाको अंतमा हैदराबादमा दुइ चरणमा आयोजित गरिनेछ। यसमा पूर्वोत्तरका आठ राज्यका सैकड़ौं कलाकार, विशेषज्ञ, अधिकारी अनि सांस्कृतिक राजदूतले भाग लिंनेछन्। तेलंगाना राज्यपाल को प्रधान सचिव एम. दाना किशोरले यस आयोजनको पहिलो चरण 20 नवंबरदेखि हैदराबाद को हिटेक्स प्रदर्शनी केंद्रमा हुने बताउनुभएको छ। तीन दिनको यस कार्यक्रममा सांस्कृतिक प्रस्तुतिहरु पनि हुनेछ। पूर्वोत्तरका महिला स्वयं सहायता समूहहरुले हस्तनिर्मित उत्पादहरुको स्टॉल पनि लगाउनेछ। आयोजनको दोस्रो चरण 25 नवंबर देखि तीन दिन सम्म हैदराबादको राजभवनमा चल्नेछ। यस आयोजनको अवधि स्वास्थ्य क्षेत्रमाथि केंद्रित पैनल चर्चाहरु पनि हुनेछ।

**शाह एनजेडसी बैठक**

केन्द्रीय गृहमन्त्री अमित शाहले सोमबार हरियाणाको फरीदाबादमा उत्तरी क्षेत्रीय परिषदको बैठकको अध्यक्षता गर्नुहुनेछ। बैठकमा पञ्जाब, हरियाणा र हिमाचल प्रदेशका मुख्यमन्त्रीहरू, दिल्ली, जम्मू-कश्मीर र लद्दाखका उपराज्यपाल र चण्डीगढका प्रशासकहरू सहभागी हुने सम्भावना छ। एनजेडसीको यो ३२ औं बैठकमा राज्य सरकारहरूबीचको समन्वय, पानी बाँडफोरका मुद्दाहरू र विकास कार्यहरूमा छलफल हुने अपेक्षा गरिएको छ।

**ट्रम्प - खाद्य आयात**

अमरीकाको राष्ट्रपति डॉनल्ड ट्रम्पले खाद्य आयात शुल्कमा कटौती गर्नुभएको छ। यस निर्णयद्वारा भारत को आँप, अनार अनि चिया निर्यातलाई लाभ हुने संभावना रहेको छ। यस अंतर्गत अन्य वस्तुमा कॉफ़ी अनि चिया, कोको, सुन्ताला, टमाटर अनि बीफ़ शामेल छन्। श्री ट्रम्पले यस अघि भारतबाट आयात माथि 25 प्रतिशत शुल्क बाहेक रूसबाट तेल किनेकोमा 25 प्रतिशत अतिरिक्त दंडात्मक शुल्क लगाएको थियो। मुद्रास्फीतिलाई नियंत्रित गर्नकालागि, ट्रम्पले पहिला जेनेरिक दवाईहरुलाई शुल्क मुक्त बनाइदिएको थियो, जसद्वारा भारतलाई लाभ प्राप्त भएको थियो। भारतले अमरीकामा 47 प्रतिशत जेनेरिक दवाईहरुको आपूर्ति गर्दछ।

**दिल्ली - अल फलाह एफआईआर**

दिल्ली अपराध शाखाले अल-फलाह विश्वविद्यालय विरुद्ध दुई छुट्टाछुट्टै एफआईआर दर्ता गरेको छ। एउटा एफआईआर ठगीको लागि अनि अर्को जालसाजीको लागि। दिल्ली पुलिस स्रोतका अनुसार, अपराध शाखाको टोलीले हिज राष्ट्रिय राजधानी ओखलास्थित अल-फलाह विश्वविद्यालयको भ्रमण गरेको पछि दिल्ली पुलिसले विश्वविद्यालयलाई केही कागजपत्रहरूको माग गर्दै सूचना पनि जारी गरेको छ। विश्वविद्यालय अनुदान आयोग र राष्ट्रिय मूल्याङ्कन तथा मान्यता परिषद्को समीक्षाको क्रममा गम्भीर अनियमितताहरू पत्ता लागेपछि एफआईआर दर्ता गरिएको पुलिसले जनाएको छ।

**टेस्ट क्रिकेट**

कोलकाताको ईडन गार्डन्समा भारत अनि दक्षिण अफ्रिका बीच चलिरहेको पहिलो क्रिकेट टेस्ट मैचको तेस्रो दिनको खेल आज खेलिनेछ। दोस्रो दिनको खेल समाप्त भइञ्जेल सम्म हिज दक्षिण अफ्रीकाले आफ्नो दोस्रो पारीमा ७ विकेट गुमाएर 93 रन बनाएको छ। हिजको खेल समाप्त भइञ्जेल सम्म दक्षीण अफ्रीकाको कप्तान टिंबा बावुमा ले 29 अनि कोरबिन बॉस्कले एक रन बनाएर खेलिरहेको छ। दक्षिण अफ्रीकाले हाल सम्म भारतमाथि 63 रनको बढ़ोत्तरी बनाइसकेको छ। यस अघि, भारतले आफ्नो पहिलो पारीमा 1 सय 89 (नवासी) रन बनाएको थियो।

****** ० ******